# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित






Volume 17, Issue 10, No. 106, Nepal Telecom (Nepal Doorsanchar Co. Ltd.) Monthly, Baishakh, 2075 (May. 2018)


# नवनियुक्त राज्यमन्त्रीद्वारा कम्पनीको निरीक्षण





सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुलप्रसाद बाँस्कोटाले गत चैत १३ गते नेपाल टेलिकम केन्द्रीय कार्यालयको निरीक्षण भ्रमण गरी विभिन्न निर्देशन दिनुभएको छ।

निरीक्षण भ्रमणको अवसरमा केन्द्रीय कार्यालयमा आयोजित स्वागत कार्यक्रममा माननीय राज्यमन्त्री बाँस्कोटाले सरकारले तय गरेको समृद्धिको यात्रामा सहयोगी बन्नका लागि देशकै ठूलो संस्थाको रूपमा परिचित नेपाल टेलिकम तयार हुनु पर्ने बताउनु भयो। उहाँले नाफाहरूको सार्वजनिक वितरणको दायित्व बोकेको संस्था समेत भएकोले यसका लागि

(बाँकी २ पेजमा)

## विद्यार्थी अफर

कम्पनीले एसईई परीक्षा दिएका र उच्च शिक्षा अध्ययनरत विद्यार्थीका लागि 'विद्यार्थी अफर' उपलब्ध गराएको छ। सो अफर गत बैशाख ३ गतेदेखि उपलब्ध भएको हो।

अफर अन्तर्गत विद्यार्थीलाई ५० रुपैयाँ टक भ्यालु भएको सिम निःशुल्क उपलब्ध गराइन्छ। सो रकम मध्ये १० रुपैयाँमार्फत कल गर्न, डाटा खरिद गर्न वा एसएमएस गर्न जस्ता सबै सुविधा उपयोग गर्न सकिन्छ। बाँकी ४० रुपैयाँ मार्फत ४० मिनेट कल गर्न, ६० एमबी डाटा खरिद

(बाँकी ३ पेजमा)

## नयाँ वर्ष अफर

नेपाल टेलिकमले नयाँ वर्षको उपलक्ष्यमा उपभोक्ताको थप सुविधाका लागि नयाँ वर्ष अफर २०७५ (New Year Offer 2075) उपलब्ध गराएको छ। उक्त अफर २०७५ बैशाख ०१ देखि लागू भएको र २०७५ बैशाख १५ गतेसम्म लिन सकिने व्यवस्था छ। एडीएसएल अफर भने ९० दिनसम्म लिन सकिने छ।

### ह्याप्पी विकेन्ड प्याक

जीएसएम/सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा ह्याप्पी विकेन्ड प्याक अफर प्रयोग गर्न सकिन्छ। ह्याप्पी विकेन्ड प्याक अन्तर्गत शुक्रबार, शनिबार र आइतबार प्रत्येक दिन १ जीबी डाटा प्रयोग गर्न सकिन्छ। सो प्याक एक सय रुपैयाँमा प्राप्त हुन्छ र सात दिनसम्म यसको समयावधि हुन्छ।

### अनलिमिटेड नाइट डाटा प्याक

जीएसएम/सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा अनलिमिटेड नाइट डाटा प्याक प्रयोग गर्न सकिन्छ। अनलिमिटेड जीएसएम/सीडीएमए नाइट डाटा प्याक अन्तर्गत १५ रुपैयाँमा १ जीबी डाटा राती १० बजेदेखि बिहान

(बाँकी २ पेजमा)

## ह्याप्पी सोसल मिडिया प्याक

बैशाख ३ गते मनाइएको आमाको मुख हेर्ने दिन (मातातीर्थ औंसी) को अवसरमा नेपाल टेलिकमले जीएसएम तथा सीडीएमएका प्रिपेड/पोष्टपेड मोबाइलमा 'ह्याप्पी सोसल मिडिया प्याक' उपलब्ध गराएको छ। ह्याप्पी सोसल मिडिया प्याक अन्तर्गत फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप चलाउन सकिन्छ।

उक्त अफर २०७५ बैशाख ३ गतेदेखि लागू भएको हो। अफर आगामी २०७५ बैशाख १८ गतेसम्म लिन सकिने छ।

ह्याप्पी सोसल मिडिया प्याक अन्तर्गत २१ रुपैयाँमा २ सय ५० एमबी डाटा प्राप्त हुनेछ। सो प्याक विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म प्रयोग गर्न सकिन्छ। सो प्याक ७ दिन अवधिसम्म प्रयोग गर्न सकिने छ।

ह्याप्पी सोसल मिडिया प्याक चलाउदा वेब ब्राउजर नभई सम्बन्धित सोसल मिडियाको एप्स नै प्रयोग गर्नु आवश्यक हुन्छ।

## ब्यालेन्स सापटीका लागि 'नमस्ते क्रेडिट'को शुभारम्भ

नेपाल टेलिकमले प्रिपेड मोबाइलमा ब्यालेन्स सापटी लिन सकिने सेवा 'नमस्ते क्रेडिट'को शुभारम्भ गरेको छ। गत चैत १६ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमका बीच सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुलप्रसाद बाँस्कोटाले नमस्ते क्रेडिट सेवाको शुभारम्भ गर्नुभयो।

सो अवसरमा सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्रीले नेपालमै पहिलो पटक प्रिपेड सेवा शुरु गरेको नेपाल टेलिकमले ग्राहकको सहजताका लागि नमस्ते क्रेडिट सेवा शुभारम्भ गरेको बताउनु भयो। नेपाल टेलिकमका अन्य सेवाको तुलनामा कभरेज तथा ग्राहक संख्याको हिसाबले पहिलो रहेको प्रिपेड सेवा अधिकांश नेपालीले प्रयोग गरिरहेकोले सो सेवाबाट कम्पनीको प्रतिस्पर्धी क्षमता र गुणस्तरीयतामा बृद्धि गर्न थप बल पुग्ने बताउनु भयो।

(बाँकी २ पेजमा)



सेवा शुभारम्भका अवसरमा मा.मन्त्री र प्रबन्ध निर्देशक

## नवनियुक्त...

(१ पेजको बाँकी)

बजार विस्तार, प्रविधि, जनशक्ति व्यवस्थापनजस्ता कार्यमा चुस्त भएर लाग्न निर्देशन दिनुभयो ।

परिवर्तन आफैँ र आफ्नो संस्थाबाट प्रारम्भ गर्नु पर्ने बताउँदै राज्यमन्त्री बाँस्कोटाले कम्पनीको हितका लागि ढिलासुस्ती र राजनीति नगर्न तथा निजी लाभका लागि कार्य नगर्न आग्रह गर्नुभयो । उहाँले समय सान्दर्भिक र परिस्थिति अनुकुलको चुनौती सामना गर्न नसकेमा कम्पनीको अस्तित्वमा नै प्रश्न चिन्ह उठ्न सक्ने भएकाले आक्रामक रूपमा बजार विस्तारको योजना ल्याउन निर्देशन दिनुभयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले कम्पनीको वर्तमान अवस्था बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो । उहाँले कम्पनीको प्राविधिक पक्ष, व्यावसायिक तथा आर्थिक पक्ष, सांगठनिक संरचना, सेवा विस्तारको अवस्था आदि बारेमा जानकारी गराउनु भएको थियो ।

उहाँले कम्पनीले आगामी दिनका लागि तयार गरेका विभिन्न योजनाका साथै हाल कम्पनीले सामना गर्नु परेका प्रमुख चुनौती र यसका लागि भएका प्रयास तथा अपेक्षित नतिजाका बारेमा समेत जानकारी प्रस्तुत गर्नुभएको थियो ।

उक्त अवसरमा कम्पनीका नायब प्रबन्ध निर्देशकहरू, निर्देशकहरू तथा बरिष्ठ अधिकृतहरूको समेत उपस्थिति थियो ।

## ब्यालेन्स सापटी...

(१ पेजको बाँकी)

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले कम्पनीको गौरवशाली यात्रामा नमस्ते क्रेडिट सेवा अर्को कोशेढुंगा सावित हुने बताउनु भयो । उहाँले कम्पनीका ग्राहकले ब्यालेन्स सकिए पनि सापटी रकमबाट निरन्तर सेवा उपभोग गर्न सक्ने बताउँदै यसबाट कम्पनीप्रति ग्राहकमा थप विश्वास जागृत हुने बताउनु भयो ।

नेपाल टेलिकमका प्रबन्धक अमुल प्रधानले नमस्ते क्रेडिट सेवाको बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो । सो अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिवहरू दिपक काफ्ले, प्रेमकुमार श्रेष्ठ र रामचन्द्र ढकालको समेत उपस्थिति थियो ।

कम्पनीको जीएसएम तथा सीडीएमए प्रिपेड मोबाइलमा कल गर्दा गर्दै ब्यालेन्स सकिएमा सापटी रकमबाट कललाई निरन्तरता दिन सकिने छ । यस्तो सापटी रकम ५ रुपैयाँ देखि ४० रुपैयाँसम्म उपलब्ध हुने छ । सो रकम पछि गरिने रिचार्ज रकमबाट काटिने छ । यसरी सापटी लिएको रकममा ब्याज वा अन्य कुनै कर लाग्ने छैन ।

कमसेकम ३ महिना पहिलेदेखि प्रयोगमा रहेको सिममा मात्र यो सुविधा उपलब्ध हुने छ । कति रकम सापटी लिन सकिन्छ भन्ने बारेमा जानकारी लिनका लागि STATUS लेखेर १४७७ मा एसएमएस पठाउन सकिन्छ । त्यसैगरी यो सेवा बन्द गर्नका लागि STOP लेखेर र फेरि यही सुविधा सुचारु गर्नका लागि START लेखेर १४७७ मा एसएमएस पठाउन सकिन्छ । एक पटक लिएको सापटी रकम तिरेपछि फेरि अर्को पटक पनि सापटी लिन सकिन्छ ।

सापटी रकमको प्रयोग गरी कल गर्नका साथै एसएमएस गर्न र डाटा चलाउन पनि सकिन्छ ।

# गोरखा र सिन्धुपाल्चोकका दुर्गम स्थानमा टेलिकम

नेपाल टेलिकमले मनास्लु पदमार्गमा पर्ने गोरखाको माथिल्लो दुर्गम क्षेत्र गमलाडाँडा र ल्होमा जीएसएम मोबाइल सेवा विस्तार गरेको छ । कम्पनीले गोरखाको माथिल्लो क्षेत्र चुमनुब्री गाउँपालिका वडा नम्बर ३ गमलाडाँडा र सोही गाउँपालिकाको वडा नम्बर २ ल्होमा गत चैत ७ गते टावर स्थापना गरी सेवा सञ्चालनमा ल्याएको हो ।

गमलाडाडाँमा राखिएको बीटीएस टावरबाट उक्त गाउँपालिकाका लाक्पाल, यारुफाँट, जगत, सल्लेरी, भालुवन, पाती, फिदिम लगायत आसपासका अति दुर्गम गाउँका बासिन्दाहरू मोबाइल सेवाबाट लाभान्वित भएका छन् । यस्तैगरी ल्होमा जडान भएको टावरबाट ल्हो, ख्याला, स्यो, लि लगायतका गोर्खाका अति विकट उत्तरी क्षेत्रका बासिन्दाहरू मोबाइल सेवाबाट लाभान्वित भएका छन् । यसका साथै मनास्लु क्षेत्रको पदयात्रामा गएका पर्यटकहरू समेत मोबाइल सेवाको उपभोग गरी लाभान्वित हुन सक्ने भएका छन् ।

गोर्खा जिल्लाको विकट यी उत्तरी गाउँमा सोलार ब्याट्री राखेर टावर सञ्चालन गरिएको छ । दुवै स्थानमा स्याटेलाइट लिंकबाट सञ्चालन हुने गरी जीएसएम मोबाइल सेवा पुऱ्याइएको छ । ल्होमा समुद्री सतहबाट करिब ३ हजार ५ सय ६५ मिटर उचाइमा र गमलाडाँडामा १ हजार ५ सय मिटरको उचाइमा टावर राखेर सेवा प्रदान गरिएको छ ।

ल्हो गाउँ हालसम्म एक प्रकारले दूरसञ्चार सेवाको पहुँचबाट बञ्चितजस्तै थियो । अति दुर्गम क्षेत्र हुनुको साथै बस्तिहरू टाढा-टाढा भएकोले टेलिफोन गर्न अर्को गाउँसम्म पुग्नुपर्दा स्थानीय बासिन्दालाई निकै कठिनाइ भइरहेको थियो ।

नेपाल टेलिकमले दुर्गम क्षेत्रको उक्त ल्हो गाउँका ग्राहकका लागि ५ सयवटा सिम र गमलाडाँडाका ग्राहकका लागि ३ सय ५० वटा सिम गाउँमै लगेर निःशुल्क वितरण गर्ने कार्य पनि सम्पन्न गरेको छ ।

गमलाडाँडा सदरमुकाम गोरखा बजारबाट करिब ३० कोष र ल्हो ५५ कोषको दुरीमा पर्छ । गोरखाको आरुघाट हुँदै सोतीसम्म गाडीमा गएर त्यसपछि करिब तीन दिन पैदल हिडेपछि गमलाडाँडा र त्यसपछि अर्को दुई दिनको पदयात्रा पछि ल्हो गाउँमा पुग्न सकिन्छ ।

त्यसैगरी कम्पनीले मोबाइल सेवा नपुगेका सिन्धुपाल्चोक जिल्लाका विभिन्न विकट ग्रामीण क्षेत्रमा समेत जीएसएम मोबाइल सेवा उपलब्ध गराएको छ । गत २०७४ फागुन २९ गतेदेखि ती विभिन्न क्षेत्रमा सेवा उपलब्ध हुन थालेको हो ।

कम्पनीले सिन्धुपाल्चोक जिल्लाका विकट ग्रामीण क्षेत्रहरू मनिसौरा, गुमथाङ, थागम, तातोपानी र लिस्तीका अधिकांश स्थानमा जीएसएम मोबाइल सेवा उपलब्ध गराएको छ । अब ती क्षेत्रहरूमा जीएसएम टुजी र थ्रिजी मोबाइल सेवा उपभोग गर्न सकिने भएको छ ।

उक्त जिल्लाको बाह्रविसे नगरपालिका वडा नम्बर ६ को विकट मानिने गति मान्द्रामा टावर स्थापना गरी ती क्षेत्रमा सेवा उपलब्ध गराइएको हो । गति मान्द्रा भोटेकोशीको बन्जी जम्पिङ रहेको स्थानबाट करिब १५ किलोमिटरको दुरीमा अवस्थित छ ।

अब यी स्थानमा मोबाइलमार्फत कुराकानी गर्ने सुविधा उपलब्ध हुनुको साथै डाटा चलाउन समेत सकिने छ । ती क्षेत्रका करिब ४ हजार सेवाग्राही दूरसञ्चार सुविधाबाट लाभान्वित हुने भएका छन् ।





*सिन्धुपाल्चोक र गोरखामा स्थापित नेपाल टेलिकमको टावर तथा उपकरणहरू*

## नयाँ वर्ष अफर...

(१ पेजको बाँकी)

६ बजेसम्म चलाउन पाइन्छ । डाटा खरिद गरेको एक दिनसम्म यसको अवधि हुनेछ । १ जीबी डाटा थ्रिजी/फोरजीको गतिमा चल्ने छ र त्यसपछि २ सय ५६ केबीपीएसको गतिमा चल्ने छ ।

### एडीएसएल भोलुम बेस्ड प्याकेज

नेपाल टेलिकमले हाल ५ एमबीपीएससम्म गतिको एडीएसएल इन्टरनेट सेवा उपलब्ध गराइरहेको छ । एडीएसएल भोलुम बेस्ड प्याकेज अन्तर्गत २ सय रुपैयाँमा १५ जीबी डाटा ३० दिनसम्म प्रयोग गर्न सकिन्छ । त्यसैगरी ३ सय रुपैयाँमा २५ जीबी डाटा र ४ सय रुपैयाँमा ४० जीबी डाटा ३० दिनसम्म प्रयोग गर्न सकिन्छ ।

### एडीएसएल अनलिमिटेड प्याकेज

नेपाल टेलिकमले ५ एमबीपीएससम्म गतिको अनलिमिटेड एडीएसएल इन्टरनेट सेवा उपलब्ध गराइरहेको छ । एडीएसएल अनलिमिटेड प्याकेज अन्तर्गत ७ सय रुपैयाँमा अनलिमिटेड डाटा ३० दिनसम्म प्रयोग गर्न सकिन्छ । त्यसैगरी ३ हजार ७ सय ५० रुपैयाँको प्याकेजमा अनलिमिटेड डाटा १ सय ८० दिन सम्म र ७ हजार रुपैयाँको प्याकेजमा अनलिमिटेड डाटा ३ सय ६० दिनसम्म प्रयोग गर्न सकिन्छ ।

विभिन्न प्याकेज खरिद गर्न तथा जानकारी लिनका लागि *1415# डायल गर्नु पर्नेछ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यससम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ । माथि उल्लेख गरिएका सबै दरहरू करसहितका हुन् ।

# दूरसञ्चार कार्यालय जनकपुर गतिविधि

दूरसञ्चार कार्यालय जनकपुर अन्तर्गतको शहरी क्षेत्रमा एशियाली विकास बैंकको सहयोगमा भइरहेको सडक विस्तार कार्यबाट भूमिगत केबुलहरू क्षति हुने र पोलहरू सार्नुपर्ने भई विशेषगरी ल्यान्डलाइन टेलिफोन सेवा प्रभावित भइरहेकोमा दूरसञ्चार कार्यालय जनकपुरले विभिन्न बैकल्पिक उपायहरू अपनाई सेवा सञ्चालनको प्रयत्न गरिरहेको छ।

तत्काललाई दूरसञ्चार कार्यालय जनकपुरको नयाँ भवन रहेको कार्यालय परिसरमा २ हजार ३ सय क्षमताको MSAN एक्सचेन्ज जडान गरी सेवा सुचारु गर्ने क्रममा रहेको सो कार्यालयका प्रमुख राजेश साहले जानकारी दिनु भएको छ। यस्तै गरी मुझेलियामा ७ सय लाइन क्षमताको MSAN एक्सचेन्ज जडानको क्रममा रहेको छ।

त्यस्तैगरी भूमिगत केबुलहरू मर्मत हुननसक्ने स्थानहरूमा थप MSAN एक्सचेन्ज राख्ने पहल भइरहेको छ। यी MSAN एक्सचेन्ज जडान सम्पन्न भई सेवा सञ्चालनमा आएपछि सडक विस्तारका कारण प्रभावित भएका दूरसञ्चार सेवा सुचारु हुने र उपभोक्तालाई सेवा उपभोग गर्न सहज हुनेछ।

यसका साथै भर्खरै मात्र प्रदेश राजधानी भएको जनकपुरमा मन्त्रालयहरू स्थापना भई टेलिफोन लाइन तथा एडीएसएल सेवाको माग भएकोले सो क्षेत्रमा पनि सहज रुपमा गुणस्तरीय सेवा उपलब्ध गराउनु पर्ने भएअनुरुप कम्पनीले कार्य अघि बढाएको छ।

दूरसञ्चार कार्यालय जनकपुर अन्तर्गत TDM माइग्रेसनका लागि सिभिल वर्क तथा MDF हरू जडानको क्रममा रहेको जानकारी गराइएको छ। यस्तैगरी दूरसञ्चार कार्यालय जनकपुर अन्तर्गत पुरानो Guide Tower विस्थापन गरी आधुनिक SS Tower मा Microwave Link हरू सञ्चालन गर्ने क्रममा रहेका छन्।

दूरसञ्चार कार्यालय जनकपुरले कार्यालय अन्तर्गतका भित्री ग्रामीण बस्तीहरूमा ग्राहकको माग बमोजिम जीएसएमका नयाँ BTS टावरहरू विस्तार गरेपछि कभरेज वृद्धि भई ग्राहकको संख्यामा र भ्वाइस तथा डाटा सेवाको उपभोगमा पनि वृद्धि भएको पाइएको छ।




## तार चोरी नियन्त्रणको प्रयास

कम्पनीको केन्द्रीय कार्यालयको समन्वयमा दूरसञ्चार कार्यालय जनकपुरले धनुषा तथा महोत्तरी जिल्लामा टेलिफोनको तार चोरी नियन्त्रणका लागि स्थानीय जिल्ला प्रहरी कार्यालयहरूसँग छलफल गरी निगरानी टोली गठन गरेको छ।

यस्तैगरी पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका दूरसञ्चार कार्यालयहरू : विराटनगर, राजविराज, इटहरी र विर्तामोडले पनि केन्द्रीय कार्यालयको समन्वयमा स्थानीय जिल्ला प्रहरी कार्यालयहरूसँग छलफल गरी टेलिफोनको तार चोरी नियन्त्रणका लागि निगरानी टोली गठन गरेका छन्।

तार चोरीका कारण सेवा अवरुद्ध हुनुका साथै सरकारको राजश्वमा समेत असर पर्ने भएकोले यस किसिमको चोरी नियन्त्रण तथा कम्पनीको भौतिक सम्पत्तिको संरक्षणका लागि कम्पनीले विगतदेखि नै नेपाल प्रहरीसँग सहकार्य गर्दै आएको छ।



# कर्मचारी संघको वार्षिकोत्सव सम्पन्न

आधिकारिक ट्रेड युनियन नेपाल दूरसञ्चार कर्मचारी संघ (TEAN) को २८औं वार्षिकोत्सव सम्पन्न भएको छ। नेपाल टेलिकमको केन्द्रीय कार्यालय तथा विभिन्न क्षेत्रीय निर्देशनालयहरूमा गत चैत २८ गते विविध कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाइएको छ।

सो सन्दर्भमा केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुलप्रसाद बाँस्कोटाले लगानीको सही उपयोग र गुणस्तरीय सेवाको माध्यमबाट ग्राहकको मन जित्नु पर्ने र यसका लागि कार्यरत कर्मचारीको महत्वपूर्ण भूमिका हुने बताउनु भयो। कम्पनीको लामो इतिहास गौरवपूर्ण रहेको र भविष्यसमेत जीवन्त राख्नका लागि कम्पनी र सरोकारवाला सबैलाई मिलेर काम गर्न उहाँले सुझाव दिनुभयो।

सो अवसरमा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले हाल दूरसञ्चार बजारमा उच्च प्रतिस्पर्धाका कारण चुनौती थपिएको र ग्राहकहरूलाई नयाँ-नयाँ प्रविधिको माध्यमद्वारा सेवा प्रदान गर्दै जाने जानकारी दिनुभयो। बजारमा कम्पनीको प्रभाव कायमै राख्नका लागि बहुआयामिक उपायको खोजी भइरहेको र यसमा सहकार्यका लागि युनियनहरूलाई पनि आग्रह गर्नुभयो।

युएनआई नेपालका अध्यक्ष शंकर लामिछाने, पेशागत महासंघ नेपालका अध्यक्ष विश्वनाथ प्याकुरेल र सार्वजनिक संस्था कर्मचारी संगठन नेपालका अध्यक्ष गोविन्द पौडेलले वार्षिकोत्सव सफलताको कामना गर्नुका साथै हालको नयाँ संघीय व्यवस्थामा पेशाकर्मीको समेत महत्वपूर्ण भूमिका हुने भएकाले आवश्यक परेमा कम्पनीको समस्या समाधानका लागि समन्वय गर्न तयार भएको बताउनु भयो।

कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकम (NEONNT) का सह-अध्यक्ष बाबुजी पण्डित, नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) का अध्यक्ष राजकुमार मेहता, नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष राजेन्द्रप्रसाद दाहाल र नेपाल दूरसञ्चार कर्मचारी संघका महासचिव यादव प्रसाद पनेरुले वर्तमान सन्दर्भमा ट्रेड युनियनले निर्वाह गर्नु पर्ने भूमिका सम्बन्धमा आ-आफ्नो विचार प्रस्तुत गर्नु भएको थियो।

वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजयी कर्मचारीहरूलाई पदक र प्रमाण-पत्र सहित नगद पुरस्कारले सम्मानित गरिएको थियो भने रक्तदाताहरूलाई 'मायाको चिनो' प्रदान गरिएको थियो। त्यसैगरी गत वर्षको एसईई परीक्षामा उच्चतम अंक प्राप्त गर्ने तह १ का कर्मचारीका सन्तति मध्ये एक जना र ६ वटै क्षेत्रमा क्षेत्रगत रूपले एक-एक जनालाई छात्रवृत्ति (TEAN Scholarship) प्रदान गरिएको थियो। एसईई परीक्षामा सर्बाधिक अंक प्राप्त गर्ने कम्पनीका कर्मचारीका सन्तती (छात्रा) लाई प्रदान गरिने आचार्य मनरुपा सुमन्तबहादुर स्मृति पुरस्कार नरेश बज्राचार्यकी छोरी युनिका बज्राचार्यलाई प्रदान गरिएको थियो।

कार्यक्रमका सभापति तथा नेपाल दूरसञ्चार कर्मचारी संघका अध्यक्ष राजबहादुर रावलले कर्मचारी वृत्ति विकासका लागि गरिनु पर्ने विभिन्न कार्यको चर्चा गर्दै राज्यमा स्थिरता आएको समयमा अब कम्पनीका सेवाहरूको गुणस्तर सुधार र प्रशासनिक सुधारका लागि प्राथमिकता दिनु पर्ने बताउनु भयो। उहाँले यसका लागि सहयोग गर्न आधिकारिक ट्रेड युनियन सदा तत्पर रहको बताउनु भयो।

## विद्यार्थी अफर...

(१ पेजको बाँकी)

गर्न र २० वटा एसएमएस गर्न सकिन्छ। यी सबै सुविधा ३० दिन भित्र उपभोग गरिसक्नु पर्नेछ।

विद्यार्थीलाई ६ महिनासम्म बोनसको रूपमा प्रति महिना ४० मिनेट भ्वाइस कल गर्ने, ६० एमबी डाटा चलाउने र २० वटा एसएमएस पठाउने सुविधा समेत उपलब्ध गराइने छ। यो सुविधा उपभोग गर्ने समयावधि ७ दिनको हुनेछ।

त्यसैगरी सो अफर अन्तर्गत रजिष्टर गरिएका सिममा ५० रुपैयाँ वा सो भन्दा बढी रकम रिचार्ज गर्दा समेत १ वर्षसम्म प्रत्येक रिचार्जमा बोनस उपलब्ध गराइने छ। ५० रुपैयाँ रिचार्ज गर्दा बोनस अन्तर्गत १० मिनेट भ्वाइस कल गर्न र ५० एमबी डाटा खरिद गर्न सकिने छ। रिचार्ज गरिसके पछि यो सुविधा ३ दिन भित्र उपभोग गरिसक्नु पर्नेछ।

अफर अन्तर्गत उपलब्ध भ्वाइस कल र एसएमएस नेपाल टेलिकमकै नेटवर्क भित्रका नम्बरका लागि मात्र उपलब्ध हुनेछ। आगामी ३ महिनासम्म विद्यार्थी अफर उपलब्ध गराइने छ। अफर अन्तर्गत प्राप्त प्याकेज भने सिम एक्टिभ भएको ६ महिनासम्म उपलब्ध हुनेछ भने रिचार्जमा प्राप्त बोनस एक बर्षसम्म उपलब्ध हुनेछ।

एसईई, उच्च मावि र सोभन्दा माथिल्लो तहका विद्यार्थीलाई विद्यार्थी अफरको सिम उपलब्ध गराइने छ। एसईई परीक्षा दिएका विद्यार्थीले सो सिम लिनका लागि विद्यालयको आईडी कार्ड वा परीक्षाको एड्मिट कार्ड, फोटो र आफ्नो अभिभावकको नागरिकताको प्रतिलिपी उपलब्ध गराउनु पर्नेछ।

त्यसैगरी उच्च मावि र सोभन्दा माथिल्लो तहका विद्यार्थीहरूले आफ्नो नागरिकताको प्रमाण-पत्र, फोटो र उच्च मावि वा कलेजको परिचय-पत्रको प्रतिलिपी उपलब्ध गराउनु पर्नेछ।

विभिन्न प्याकेज खरिद गर्न तथा जानकारी लिनका लागि *1415# डायल गर्नु पर्नेछ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यससम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ। माथि उल्लेख गरिएका सबै दरहरू करसहितका हुन्।

# के हो नमस्ते क्रेडिट ?

नेपाल टेलिकमले प्रिपेड मोबाइलमा ब्यालेन्स सापटी लिन सकिने सेवा 'नमस्ते क्रेडिट' शुभारम्भ गरेको छ । यो सेवा मार्फत जीएसएम तथा सीडीएमए प्रिपेड मोबाइलमा कल गर्दा गर्दै ब्यालेन्स सकिएमा सापटी रकमबाट कललाई निरन्तरता दिन सकिन्छ । साथै सापटी रकमको प्रयोग गरी कल गर्नका साथै एसएमएस गर्न र डाटा चलाउन पनि सकिन्छ ।

**Namaste Credit भनेको के हो ?**

Namaste Credit भनेको एउटा यस्तो Service हो जसमा सबै Prepaid Mobile ग्राहकहरूले ब्यालेन्स सकिएको अवस्थामा पनि निश्चित रकमसम्म कल गर्ने सुविधा (Credit Balance) पाउँछन ।

**Namaste Credit Service का विशेषता के-के छन् ?**

यो सुविधा पाएपछि ब्यालेन्स सकिनासाथ Call Drop हुँदैन । ब्यालेन्स समाप्त हुनासाथ सिष्टमले स्वतः सापटी (Credit Balance) उपलब्ध गराउने हुनाले यसरी प्राप्त गरेको सापटी रकम बाँकी रहुन्जेल ग्राहकको सेवा बन्द हुँदैन । यसरी प्रदान गरिएको सापटी रकम ग्राहकले पछि गर्ने रिचार्जबाट फिर्ता हुन्छ । सापटी प्रदान गर्दा, फिर्ता गर्दा १४७७ नम्बरबाट SMS मार्फत जानकारी (Notification) प्राप्त हुन्छ । यस्तो सापटी प्राप्त गर्दा वा फिर्ता गर्दा कुनै Extra Charge लाग्दैन ।

**Namaste Credit Service मा प्राप्त हुने ब्यालेन्सले कुन-कुन सेवा प्रयोग गर्न पाइन्छ ?**

सापटीमा प्राप्त भएको ब्यालेन्सले Voice, SMS, Data सेवा प्रयोग गर्न र उपलब्ध Package खरिद गर्न सकिन्छ ।

**ब्यालेन्स ट्रान्सफर गरे जस्तै सापटी लिएको रकम पनि ट्रान्सफर गर्न सकिन्छ ?**

Balance Transfer गरेको जस्तै गरी सापटी प्राप्त गरेको ब्यालेन्स रकम ट्रान्सफर गर्न सकिदैन ।

**यो Namaste Credit Service नचाहिएको खण्डमा के गर्ने ?**

Namaste Credit Service हटाउन (Deactivate) का लागि STOP लेखेर १४७७ मा SMS पठाउनु पर्छ ।

**एकपटक Deactivate गरेको Namaste Credit Service पुनः Activate गर्न के गर्नुपर्छ ?**

एकपटक हटाएको Namaste Credit Service पुनः सुचारु गर्न (Activate) का लागि START लेखेर १४७७ मा SMS पठाउनु पर्छ ।

**मेरो सापटी रकम (Namaste Credit Balance) बारे थाहा पाउन के गर्नुपर्छ ?**

आफ्नो सापटी रकम (Namaste Credit Balance) बारे थाहा पाउन STATUS लेखेर १४७७ मा SMS पठाउनु पर्छ ।

**मैले कति रकम सापटी (Credit Balance) पाउन सक्छु ?**

तपाईले आफ्नो मोबाइलबाट विगतमा गर्नुभएको रिचार्ज र उपभोग गर्नुभएको सेवा (Recharge and Usage) को आधारमा कम्तीमा रु. ५ देखि बढीमा रु. ४० सम्म सापटी (Credit Balance) पाउन सक्नुहुन्छ ।

**सापटी लिएको रकम कसरी फिर्ता (Recovery) गरिन्छ ?**

सापटी रकम प्राप्त गरेपश्चात गर्ने रिचार्जबाट ग्राहकले पहिले प्राप्त गरेको सापटी रकम (Credit Balance) फिर्ता (Recovery) गरिन्छ । यसरी सापटी रकम फिर्ता गर्दा ग्राहकले प्राप्त गरेको सापटी रकम वा रिचार्ज रकमको ६० प्रतिशत मध्ये जुन कम हुन्छ त्यतिमात्र फिर्ता गरिन्छ । यसरी पुरै सापटी फिर्ता नभएको अवस्थामा त्यसपछि गरिने रिचार्जहरूबाट बाँकी सापटी रकम फिर्ता गरिन्छ ।

**एकपटक सापटी लिएको कति समय पछि पुनः अर्को सापटी पाइन्छ ?**

एकपटक प्राप्त गरेको सापटी रकम प्रयोग गरेर रिचार्ज गरेपछि पुनः सापटी प्राप्त गर्न सकिन्छ ।

# नेपाल टेलिकम सम्मानित




*मा. मन्त्रीद्वारा सम्मान-पत्र ग्रहण गर्दै कम्पनीका प्रबन्ध निर्देशक*

नेपाल टेलिकम यस वर्षको डा. ऋषिराम शर्मा विपद् सूचना पुरस्कारद्वारा सम्मानित भएको छ ।

वि.सं. २०७३ र २०७४ सालको मनसुन अवधिमा बाढी पूर्वसूचना सम्बन्धी मोबाइल सन्देशहरू (Mass SMS) प्रवाह गरी जनधन बचाउने कार्यमा महत्वपूर्ण र सहाहनीय योगदान पुऱ्याएकोमा कम्पनीलाई उच्च कदरका साथ नगद सहित कदर-पत्र प्रदान गरिएको छ ।

नेपाल राष्ट्रिय जल तथा मौसम सप्ताह २०७४ को समापनको अवसरमा गत चैत ९ गते आयोजित एक कार्यक्रममा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री बर्षमान पुनले नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीलाई कदर-पत्रसहित सम्मान गर्नुभयो ।

पुरस्कार तथा कदर-पत्रको व्यवस्थापन जल तथा मौसम विज्ञान विभाग र जल तथा मौसमविद् समाज नेपालद्वारा गरिएको हो ।

पुरस्कार वितरण गर्न आयोजित कार्यक्रममा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री बर्षमान पुनले सरकारले पनि सामाजिक दायित्व सहितको समृद्धि चाहेको बताउँदै विभिन्न सूचना सम्प्रेषण गरी जल उत्पन्न प्रकोप न्यूनीकरण गर्न गरेको सहयोगका लागि कम्पनीलाई धन्यवाद दिनुभयो । मन्त्री पुनले समाजका अन्य क्षेत्रमा समेत सहयोग गर्नका लागि कम्पनीलाई आग्रह गर्नुभयो ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा. ऋषिराम शर्माले नेपाल टेलिकमले प्रदान गरेको निःशुल्क एसएमएसबाट बाढी क्षेत्रमा कार्य गर्न र जनधनको क्षति हुनबाट बचाउन महत्वपूर्ण सहयोग पुगेको बताउनु भयो ।

उक्त अवसरमा प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले बाढी पीडित क्षेत्रका सम्पूर्ण ग्राहकहरूलाई अग्रिम जानकारीका लागि निःशुल्क एसएमएस प्रवाह गरेको स्मरण गर्दै 'राष्ट्रको सञ्चार' को रुपमा रहेको नेपाल टेलिकमले जनधनको क्षति कम गर्नका लागि आफ्नो क्षेत्रबाट सक्रिय भूमिका निर्वाह गरेको बताउनु भयो । आगामी दिनमा समेत सो क्षेत्रका जनताका लागि सिम र कुनै न कुनै प्याकेज समेत उपलब्ध गराउने तथा पुरस्कार बापत प्राप्त रकम बाढी क्षेत्रकै जनताको सहयोगका लागि उपलब्ध गराउने घोषणा समेत गर्नुभयो ।

गत मार्च १७ देखि २३ (चैत ३ देखि ९ गते) सम्म नेपाल राष्ट्रिय जल तथा मौसम सप्ताह २०७४ मनाइएको थियो । सोही अवसरमा कम्पनीलाई सम्मान गरिएको हो ।

# नेपाल टेलिकम र साझा यातायातबीच सम्झौता



नेपाल टेलिकम र साझा यातायात सहकारी संस्था लिमिटेडबीच साझा यातायातका बसहरूमा नेपाल टेलिकमका सेवाहरूको बजार प्रवर्द्धन गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ ।

सम्झौता अनुसार काठमाडौं उपत्यका र उपत्यका बाहिर लामो दूरीमा सञ्चालित ४६ वटा साझा बसहरूमा नेपाल टेलिकमको ब्रान्डिङ तथा विभिन्न सेवाहरूको बारेमा आवश्यक जानकारीमूलक व्यावसायिक सन्देश राखिने छ ।

विगत केही वर्षदेखि नै कम्पनी र साझा यातायात बीच भइरहेको यस सम्बन्धी सहकार्यलाई निरन्तरता दिनका लागि गत फागुन २५ गते सम्झौता भएको थियो ।

सो सम्झौता-पत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र साझा यातायातका तर्फबाट का.मु. प्रमुख कार्यकारी अधिकृत महेन्द्रराज पाण्डेयले हस्ताक्षर गर्नु भएको थियो ।

सम्झौता हस्ताक्षर कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले साझा यातायातसँगको सम्झौताले नेपाल टेलिकमका सेवाहरूको बजार प्रवर्द्धन गर्न तथा सेवाग्राहीहरूलाई सुसूचित गर्न सहयोग पुग्ने बताउनु भयो ।

कार्यक्रममा साझा यातायातका का.मु. प्रमुख कार्यकारी अधिकृत महेन्द्रराज पाण्डेयले नेपाल टेलिकमसँग सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गर्दै अन्य क्षेत्रमा समेत सहकार्यका लागि आग्रह गर्नुभयो ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**
e-mail: newsntc@gmail.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**